## कार्यपालिका बैठक -२३

आज मिति २०७८।०३।०९ गते बुधवारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको २३ (तेइसौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

समयः दिनको ३:०० बजे,

स्थानः गाउँकार्यपालिका भवन,

### उपस्थिति:-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो. मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

## आमन्त्रित सदस्य:-

| | | | |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ज्ञवाली | स्वतन्त्र विज्ञ (LISA) | |
| २ | श्री दिनेश चन्द्र त्रिपाठी | स्वतन्त्र विज्ञ (LISA) | |
| ३ | श्री राम सुन्दर माली | कृषि विकाश शाखा प्रमुख | |
| ४ | श्री हिमलाल पौडेल | योजना शाखा प्रमुख | |
| ५ | श्री हरिहर बेल्बासे | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | |
| ६ | श्री हिमकान्त आचार्य | आर्थिक प्रशासन शाखा प्रमुख | |
| ७ | श्री लक्ष्मण घिमिरे | सूचना प्रविधि अधिकृत | |
| ८ | श्री श्याम पुन | रोजगार संयोजक | |
| ९ | श्री राजेन्द्र प्रसाद मौर्य | प्राविधिक शाखा प्रमुख | |
| १० | श्री बोधराज भुसाल | प्रशासन शाखा प्रमुख | |
| ११ | श्री अर्जुन कुमार बेल्वासे | वास संयोजक | |
| १२ | श्री नारायण प्रसाद अर्याल | सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा | |
| १३ | श्री रवि प्रताव यादव | जीन्सी शाखा | |
| १४ | श्री राधिका सापकोटा | राजश्व शाखा प्रमुख | |
| १५ | श्री गीर्जापति चौधरी | का. सहयोगी | |

मिति:- २०७८।०३।०९

## कार्यपालिका बैठक -२३

**प्रस्ताव नं. १-** आ.व. २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट सम्वन्धमा ।

**निर्णय नं. १-** आ.व. २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट कार्यपालिका वैठकबाट स्वीकृत गरी अनुमोदनका लागि आगामि मिति २०७८।०३।१० गते बस्ने नवौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ -** स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन (Local Government Institutional Self-Assessment -LISA) नतिजा सम्वन्धमा ।

**निर्णय नं. २ (क)-** यस विजयनगर गाउँपालिकाबाट सम्पादन गरिने कामकारबाहीलाई व्यवस्थित, योजनाबद्ध, प्रभावकारी एवं आम जनताले अनुभुतू गर्ने गरी सम्पादन गर्ने अवस्थाको श्रृजना गर्ने/गराउने प्रयोजनका लागि आ.ब. ०७६।०७७ मा यस विजयनगर गाउँपालिकाबाट सम्पादित कामकारवाहीको **स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन कार्यविधि**,२०७७ मा व्यवस्था गरिएका विभिन्न विषय सम्वन्धि सूचक र सो बापतको अंकभारलाई आधार मानि स्व-मूल्यांकन (विज्ञको रोहोबरमा) गरी तयार गरिएको देहाय अनुरुपको स्व-मूल्यांकन नतिजा अनुमोदन गरी सरोकारवालाको जानकारीका लागि गाउँपालिकाको Website तथा आधिकारीक Facebook पेजमार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | विषय क्षेत्र | अंक भार | प्राप्तांक | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ६ | ६६.६७ | प्रस्तुत नतिजा विजयनगर गाउँपालिकाले आ.व. २०७६।०७७ मा सम्पादन गरेको कामकारवाहीलाई आधार मानी तयार गरिएको हो । |
| २ | सङ्गठन तथा प्रशासन | ८ | ५.२५ | ६५.६३ | |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ६.५ | ५९.०९ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ६.७५ | ६१.३६ | |
| ५ | सार्वजनिक सेवा प्रवाह | १६ | २ | १२.५ | |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ५.२५ | ७५ | |
| ७ | भौतिक पूर्वाधार | १३ | ४ | ३०.७७ | |
| ८ | सामाजिक समावेशीकरण | १० | २.५ | २५ | |
| ९ | बातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ४.५ | ५० | |
| १० | सहकार्य र समन्वय | ६ | ०.५ | ८.३३ | |
| | जम्मा | १०० | ४३.२५ | ४३.२५ | |

**निर्णय नं. २ (ख)-** यस विजयनगर गाउँपालिकाबाट आ.ब. ०७६।०७७ मा सम्पादित कामकारवाहीको **स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन कार्यविधि**,२०७७ मा व्यवस्था गरिएका विभिन्न विषय सम्वन्धि सूचकहरुको आधारमा विज्ञहरुको रोहोबरमा गरिएको स्व-मूल्यांकन बमोजिम प्राप्त नतिजाबाट कमजोर देखिएका विषय सूचकहरुमा सुधारका लागि विज्ञहरुबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा देहायका विषयहरुको कार्यान्वयन मार्फत पालिकाबाट सम्पादन हुने कामकारबाहीलाई व्यवस्थित, योजनाबद्ध, प्रभावकारी बनाउँदै विजयनगरबासीको अधिकतम हित र कल्याणका लागी सिंगो गाउँपालिका परिवार प्रयत्नशिल रहने र आगामि मूल्यांकनमा देशकै अब्बल गाउँपालिकाको रुपमा उभ्याउने गरी आधार खडा गर्ने निर्णय गरियो ।

**देहायः**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था भए अनुसार सभा र कार्यापालिका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गर्नुपर्ने।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था भए अनुसार आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी कार्यान्वय गरी नियमित अनुगमन र पृष्ठपोषण गर्नुपर्ने।

३. स्थानीय सरकार संञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था भए अनुसार कार्यापालिका बैठक महिनामा कम्तीमा १ पटक बैठक बसी पूर्ण निर्णयहरुको कार्यान्वियन अवस्था बारेमा समीक्षा गर्नुपर्ने।

४. विषयगत शाखामा कार्यरत जनशक्तिको काम, कर्तव्य र अधिकार र जिम्मेवारीको कार्यविवरण दिनुपर्ने।

५. कर्मचारीहरुको दरवन्दी विवरण वा स्वीकृत O&M प्रतिवेदन तथा कर्मचारीहरुको कार्य सम्पादन सम्झौता निर्माण गर्नुपर्ने।

६. जनशक्ति क्षमता विकासमा कूल चालु खर्चको १.५ प्रतिशत भन्दा बढी लगानी गर्नुपर्ने।

७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा भएको व्यवस्था भए अनुसार एकीकृत भूउपयोग योजना यातायात गुरुयोजना बातावरण व्यवस्थापन योजना सहितको GIS Based Spatial Plan मा आधारित आवधिक योजना दस्तावेज तयार गरी मध्यकालीन खर्च संरचना सहितको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भई कार्यान्वियन गर्नुपर्ने।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ ६६ र ६७ मा व्यवस्था भए अनुसार दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा भई बार्षिक योजनामा समावेश गरी कार्यान्वियनमा गर्नुपर्ने।

९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ मा व्यवस्था भए अनुसार गैरसरकारी संघ सस्थाहमा कार्यक्रमहरु स्थानीय तहको बार्षिक योजना कार्यक्रमा समाबेश भई कार्यान्वयमा गर्नुपर्ने।

१०. आन्तरिक श्रोतका दर र दायरा सम्बन्धमा अध्ययन गरी सुझावपूर्ण रुपमा कार्यान्वियन भई आन्तरिक आयमा वृद्धि गर्नुपर्ने ।

११. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को झ अनुसार स्वास्थ्य सेवाम नागरिको पहुँच भई बालबालिकाको लागि अनिवार्य गरिएको खोप ९० प्रतिशत भन्दा बढी प्राप्त गर्न गरी कार्य गर्नुपर्ने ।

१२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ण र द अनुसार कृषि र पशु सेवामा केन्द्रहरुमा आवश्यक जनशक्ति माग अनुसार सेवा र प्रविधि प्रयोग गर्नुपर्ने ।

१३. बजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन अनुसार पाँच लाख भन्दा कम लागतका योजनाले कुल पूँजीगत बजेटको कम हस्सा ओगटेको हुनुर्पेने ।

१४. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले गरेको व्यवस्था भए अनुसार खरिद कार्य गर्न खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गरी कार्यान्वियन गर्नुपर्ने।

१५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को ६ मा व्यवस्था भए अनुसार गत आर्थिक बर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिक भित्र सम्पन्न गरी समीक्षा प्रतिवेदन सार्वजनिक गर्नुपर्ने ।

१६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा व्यवस्था भए अनुसार राजस्व अनुमानको लक्ष र सङ्कलित परिमाण ९० प्रतिशत भन्दा बढी राजस्व सङ्कलन गर्नुपर्ने ।

१७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा व्यवस्था भए अनुसार सबै वडाका आफ्नै प्रशासकीय भवनमा कार्यालय स्थापना भई सबै सेवाहरु प्रवाह गर्नुपर्ने ।

१८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ण (७) अनुसार स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि नीति तथा कार्यक्रममा व्यवस्था गरी सो अनुसारको बजार व्यवस्थापन गर्नुपर्ने ।

१९. राजस्व संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न वडा कार्यालयहरुमा सफ्टवेयर प्रणाली जडान गर्नुपर्ने।

२०. सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग गरी गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधामा जनताको सरल र सहज पहुँच स्थापित गर्ने।

## कार्यपालिका बैठक -२३

मिति:- २०७८।०३।०९

२१. सडक पूर्वाधार गुरुयोजना निर्माण गरी गाउँपालिका क्षेत्रमा आवश्यकताका आधारमा सडक निर्माण तथा स्तरोन्नति गर्दै जानु पर्ने।

२२. जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी जग्गा एकिकरण वा जग्गा विकास वा वस्ती विकास वा सम्पदा संरक्षण योजना कार्यान्वयन गर्नुपर्ने ।

२३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ण ७ अनुसार खानेपानी सेवा बिस्तार गत बर्षको तुलनामा मूल्याङ्कन अवधिमा २५ प्रतिशत भन्दा बढी घरधुरीमा खानेपानी विस्तार गर्नुपर्ने ।

२४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ को ग ११ अनुसार फोहोर मैला व्यवस्थापन नीति तयार गरी फोहोर बिसर्जन केन्द्रमा व्यवस्थापन तथा औद्योगिक ग्रामको निर्मित्त संरचना र सञ्चालन कार्यविधि निर्माण गरी सञ्चालन गर्नुपर्ने ।

२५. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति तथा कार्यक्रम तयार गरी बालबालिका पुनस्थापना केन्द्र,जेष्ठ नागरीक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना भइ नियमित सञ्चालन गर्नुपर्ने ।

२६. लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) भई सोही अनुसार योजना तथा कार्याक्रम गर्नुपर्ने ।

२७. बाल श्रम बाल विवाह बहुविवाह दाईजो/बोक्सी छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा कार्यान्वय गर्ने ।

२८. विपद् जोखिम क्षेत्रको पहिचान गरी जोखिम न्यूनिकरण गर्न विपद् पूर्व तयारी योजना निर्माण गरी लागू गर्नुपर्ने।

२९. वातावरणमैत्री स्थानीय नीति तथा ऐन तयार गरी स्थानीय शासनका पूर्वधार पुरा गरी वातावरणमैत्री स्थानीय तह घोषण गर्नुपर्ने।

३०. वातावरण संरक्षणका ५० प्रतिशत भन्दा बढी कार्यक्रममा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स.को सहभागीतामा योजना कार्यान्वयन गर्नुपर्ने ।

३१. संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वयमा नीति तथा कार्यक्रम बाँडफाँट गर्नुपर्ने राजश्व रकम नियमित रुपमा उपलब्ध गर्नुपर्ने ।

३२. विकास निर्माण सम्बन्धी कार्यमा सहजीकरण समन्वय समितिबाट प्राप्त पृष्ठपोषण सुझाव तथा अनुगमन कार्यपालिकामा छलफल भई आवश्यक निर्णय गर्नुपर्ने ।

**प्रस्ताव नं. ३-** योजनाको नाम संशोधन सम्वन्धमा ।

**निर्णय नं. ३-** विजयनगर गाउँपालिका वडा नं. ४ मा रु. १ (एक) लाखको लागतमा सञ्चालन हुने भनि छनौट **त्रिपालनगर खानेपानी योजना**लाई सोहि लागतमा **त्रिपालनगर खानेपानी योजना सम्म बाटो निर्माण तथा ग्राभेल योजना**को रुपमा सञ्चालन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४-** कार्यविधि स्वीकृत सम्वन्धमा ।

**निर्णय नं. ४-** कार्यपालिका वैठकमा पेश हुन आएका तपसिल बमोजिमका कार्यविधिहरु स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल:-**

१- विजयनगर गाउँपालिका अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७८

२- विजयनगर गाउँपालिका वजेट तथा कार्यक्रम तर्जूमा समिति कार्य सञ्चालन कार्यविधि, २०७८

३- विजयनगर गाउँपालिका राजश्व परामर्श समिति कार्यसञ्चालन कार्यविधि, २०७८

**प्रस्ताव नं. ५**- रकमान्तर सम्वन्धमा ।

**निर्णय नं. ५** - यस गाउँपालिकाको तपसिल बमोजिमका शीर्षकमा रहेको रकम आगामि गाउँसभाबाट अनुमोदन हुने गरी देहायानुसार रकमान्तर गर्ने निर्णय पारित गरियो ।

| क्र.सं. | हाल कायम कार्यक्रम / शीर्षकको नाम | विनियोजित रकम | रकमान्तर हुने कार्यक्रम /शीर्षकको नाम | रकमान्तर हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष खाताको विविध खर्चा शीर्षक | रु. १० (दश) लाख | प्रकोप व्यवस्थापन कोष खाताको औषधी तथा औषधिजन्य सामान खरीद | रु. १० (दश) लाख | |
| २ | करार सेवा शुल्क | रु. ३,३०,०००।- (तीन लाख तिस हजार मात्र) | सेवा र परामर्श खर्च | रु. ३,३०,०००।- (तीन लाख तिस हजार मात्र) | |
| ३ | पारीश्रमिक कर्मचारी | रु. १० (दश) लाख | पदाधीकारी भत्ता | रु. २ (दुई) लाख | |
| | | | पुँजीगत परामर्श | रु. ८ (आठ) लाख | |
| ४ | पारिश्रमिक कर्मचारी | रु. १३ (तेह) लाख | दायित्व बाँकी भुक्तानी | रु. १३ (तेह) लाख | |
| ५ | Digital नागरिक वडापत्र तयार | रु. ५ (पाँच) लाख | | रु. ५ (पाँच) लाख | |
| ६ | जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि विमा प्रिमियम | रु. २,५०,०००।- (दुइ लाख पचास हजार) | | रु. २,५०,०००।- (दुइ लाख पचास हजार) | |

**प्रस्ताव नं. ६**- पदपूर्ति सम्वन्धमा ।

**निर्णय नं. ६**- यस गाउँपालिका अन्तर्गतको पशु सेवा शाखा तथा गाउँपालिका सभाहलको सरसफाइ एवं अन्य दैनिक कामकाजमा सहयोग गर्ने विजयनगर गाउँपालिका वडा नं. २, पडरौना बस्ने हेमराज तेलीलाई मिति २०७८ असार मसान्त सम्म लागु हुने गरी दैनिक ज्यालादारी सम्झौता गरी कार्यालय सहयोगीको रुपमा कामकाजमा खटाउने निर्णय गरियो ।